832

# राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २३५/१७५/२०७०/०७१

निर्णय नं.४४

महोत्तरी जिल्ला वनौली दनौली गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर बस्ने सारदा भुषाल (झा).१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं .............१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

उपरोक्त विषयमा जिल्ला महोत्तरी बनौली दनौली गा.वि.स स्थायी घर भई हाल कोटेश्वर काठमाडौमा. बस्ने शारदा भुषाल (झा)को पुनरावेदनको सम्वन्धमा यस आयोगबाट मिति २०७०।३।४ मा भएको आदेश कार्यान्वयनको लागि मिति २०७०।३।५ मा पत्राचार गरिएको ।

यस आयोगको मिति २०७०।३।४ को आदेश कार्यान्वयन सम्वन्धमा भएको कारवाहीको जानकारी तहाँ मन्त्रालयमा पठाइसकिएकोमा निवेदकले मिति २०७०।४।९ मा उक्त आदेश कार्यान्वयन नभएको भनी पुन: उजूरी दिएको हुँदा सो सम्वन्धमा के कारवाही भै रहेको छ सो को यथाशिघ्र जानकारी पुनरावेदकलाई गराई आयोगलाई समेत जानकारी गराउनुहुन भनी मिति २०७०।०६।०१, २०७०।१०।२ र मिति २०७०।१२।२४ मा ताकेता पत्र पठाइएकोमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पत्र संख्या सुशा/०७०/७१ च.नं. ४५२, मिति २०७१।०१।१२ को पत्रवाट जिल्ला विकास समितिको कार्यालय महोत्तरीलाई पुनरावेदकले माग बमोजिमको सूचना यथाशिघ्र उपलब्ध गराउनु भनिएकोमा लामो समयसम्म पुनरावेदकले सूचना पाइन भनी पुनरावेदन गर्न आएको देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा पुनरावेदकले पुन: आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही वखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २१ गते रोज २ शुभम्।